# श्री ५ को सरकार
# सामान्य प्रशासन मन्त्रालयको
# सूचना

श्री ५ को सरकारले निजामती सेवा नियमावली, २०२१ को नियम १०.३ ले दिएको अधिकार प्रयोग गरी अदालतहरू तथा काठमाडौं उपत्यकास्थित कार्यालयहरू बाहेक जिल्लास्थित कार्यालयहरूको राजपत्र अनङ्कित निजामती कर्मचारीहरूलाई उक्त नियमावलीको नियम १०.२ अनुसार सजायं दिने अधिकारीको अधिकार सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले प्रयोग गर्न पाउने गरी ६ महिनासम्मको लागि सुम्पेको छ र निजले दिएको सोही नियमावलीको नियम १०.१ को खण्ड (५) र (६) वमोजिमको सजायं वाहेक अन्य सजायंको आदेश उपरको पुनरावेदन सुन्ने अधिकारी सम्बन्धित मन्त्रालयको सचिवलाई तोकिदिएको छ।

आज्ञाले,
विमलराज बस्नेत
श्री ५ को सरकारको सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार
१९८